# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ८) बेसीशहर, असार २० गते, २०८२ साल (संख्या ०१**

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (२) बमोजिम बेसीशहर नगरपालिकाको मिति **२०८२ असार २० गते** को कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

बेसीशहर नगरपालिका क्षेत्रभित्र कृषि तथा पशुपन्छी पालनलाई नै मुख्य पेशाको रुपमा अङ्गाल्दै यसलाई नै आम्दानीको एक प्रमुख स्रोत बनाउँदै आएका कृषकहरुलाई **कृषि तथा पशुपन्छी उत्पादनमा आधारित अनुदान** उपलब्ध गराई प्रोत्साहन गर्दा कृषि पेशातर्फ थप आकर्षण हुने र कृषि उपज तथा पशुपन्छीजन्य वस्तुको उत्पादन र उत्पादकत्त्वमा वृद्धि भई स्थानीय मागको पूर्ति हुने हुँदा कृषि तथा पशुपन्छी अनुदानलाई वैज्ञानिक बनाउन जान्छ। यसरी व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकासमार्फत कृषि तथा पशुपन्छी उत्पादनमा आत्मनिर्भरता हाँसिल गर्ने उद्देश्यले कार्यविधि बनाइ व्यवस्थित गर्न कार्यविधि वनाउन वाञ्छानीय भएकोल,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-११ को उपदफा-२(ण) को अधिकारलाई कार्यान्वयन बेसीशहर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा-३६ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस कार्यविधिको नामः- “कृषि तथा पशुजन्य उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८२” रहनेछ।

**२. परिभाषा र व्याख्या:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) “नगरपालिका” भन्नाले बेसीशहर नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) **“प्रमुख”** भन्नाले बेसीशहर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(ग) **“उप-प्रमुख”** भन्नाले बेसीशहर नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्दछ।

(घ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) **“कार्यपालिका”** भन्नाले बेसीशहर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(च) **“वडा”** भन्नाले बेसीशहर नगरपालिकाको सम्पूर्ण वडाहरुलाई सम्झनु पर्दछ।

(छ) **“शाखा”** भन्नाले बेसीशहर नगरपालिकाको कृषि विकास शाखा र पशुपन्छी तथा मत्स्य विकास शाखा लाई सम्झनु पर्दछ।

(ज) **“शाखा प्रमुख”** भन्नाले बेसीशहर नगरपालिकाको कृषि विकास शाखा र पशुपन्छी तथा मत्स्य विकास शाखाको शाखा प्रमुखको जिम्मेवारी पाएको व्यक्ती सम्झनु पर्दछ।

(झ) **“समिति”** भन्नाले दफा-७ बमोजिमको अनुदान व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ।

(ञ) **“कृषि सहकारी”** भन्नाले कृषि तथा पशुजन्य उत्पादनमा संलग्न नियमानुसार दर्ता भएका बेसीशहर नगरपालिकाभित्रका कृषि सहकारीलाई जनाउनेछ । यस शब्दले बेसीशहर नगरपालिकाका कृषकहरुको उत्पादन खरिद गर्ने आसपासका कृषि सहकारीलाई समेत जनाउनेछ।

(ट) **“अनुदान”** भन्नाले बेसीशहर नगरपालिका भित्र एक वर्षमा एक जना कृषकले निर्धारित आवश्यक न्यूनतम् परिमाणमा तोकिएको कृषि तथा पशुजन्य वस्तुको उत्पादन गरी कृषि सहकारी/कृषक समूह/कृषि फर्म मार्फत बिक्री वितरण गरे बापत प्रोत्साहन स्वरूप प्राप्त गर्ने अनुदानलाई सम्झनु पर्दछ । यस शब्दले बालि कटानी विधि तथा

पशुजन्य वस्तुको उत्पादकत्व मापन विधिको मार्फत प्रदान गरिने सहयोग रकम लाई समेत जनाउनेछ।

(ठ) **"कृषक/किसान"** भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को परिच्छेद-१ को दफा-२(ख) ले परिभाषित गरे बमोजिम र आफ्नै जग्गा वा जग्गा भाडामा लिई खेति गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म तथा कृषि समूहलाई सम्झनु पर्दछ।

(ड) **"कृषि फर्म"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न बेसीशहर नगरपालिकाभित्रका दर्तावाल कृषि फर्मलाई जनाउनेछ।

(ढ) **"समूह"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न बेसीशहर नगरपालिकाभित्रका दर्तावाल कृषक समूह/उत्पादन समूह/महिला तथा आमा समूह लाई जनाउनेछ।

(ण) **"सङ्कलन केन्द्र"** भन्नाले बेसीशहर नगरपालिका बासी कृषकको कृषि तथा पशुजन्य उत्पादन सङ्कलन तथा खरिद गर्ने सहकारी संस्था एवम् सङ्ककलन केन्द्रलाई जनाउनेछ।

(त) **"तरकारी"** भन्नाले बन्दागोभी, फूलगोभी, ब्रोकाउली, दलहन बाली(केराउ, बोडी, सिमी, भटमास), साग, गोलभेडा, आलु, भण्टा, लहरेबाली(लौका, तितेकरेला, काँक्रो, फर्सी, चिचिण्डा, घिरौला, स्कुस), परबर, पिडालु लगायतका तरकारीमा प्रयोग हुने वस्तुलाई जनाउँदछ।

(थ) **"फलफूल"** भन्नाले कागती, सुन्तला, जुनार, आँप, लिचि, अम्बा, आरु, आरुवखडा, कीवि, एभोकाडो, ड्रागनफ्रुट लगायत फलफूलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउँदछ।

(द) **"मसलाबाली"** भन्नाले लसुन, प्याज, धनियाँ, खुर्सानी, अदुवा, अलैंचि, हलेदो लगायत मसलाको रुपमा प्रयोग हुने बाली/वस्तुलाई जनाउँदछ।

(ध) **"रैथाने बाली"** भन्नाले परम्परागत रुपमा सदियौंदेखि कृषकले स्थानीयस्तरमा खेती एवम् संरक्षण गर्दै आइरहेका कृषि बालीहरु जस्तै कोदो, फापर, जौँ, उवा, कागुनो, चिनो लगायतका बालीलाई सम्झनु पर्दछ। सो शब्दले स्थानीयस्तरमा संरक्षित गरी लगाईदै आएका सम्पूर्ण बालीका रैथाने/स्थानीय जातलाई समेत जनाउँदछ।

(न) **"पशु"** भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्छ र सो शब्दले पन्छी र माछालाई समेत जनाउँदछ।

(ऩ) **"पशुजन्य पदार्थ"** भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौँ, भ्रुण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्दछ।

(प) **"सहजकर्ता"** भन्नाले उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको निम्ति कृषि तथा पशुजन्य उत्पादन खरिद तथा बिक्री वितरणमा सहजता प्रदान गर्ने उद्देश्यका साथ नगरपालिकाको सम्बन्धित शाखामा नियमानुसार सूचीकृत भएका कृषि सहकारी, कृषि फर्म, सङ्कलन केन्द्र र समूह लाई सम्झनु पर्दछ।

(फ) **"तोकिएको व्यक्ति"** भन्नाले सहजकर्ताहरुले बेसीशहर नगरपालिकाभित्रका किसानहरुबाट आफुले खरिद गरेको कृषि उपजहरुको दैनिक खरिद तथा बिक्री रेकर्डको अभिलेखिकरणको निम्ति कामकाजमा खटाइएको जिम्मेवार व्यक्तिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## कार्यविधिको उद्देश्य

**३. यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिमको हुनेछन्:-**

(क) यस नगरपालिकाभित्र निर्वाहमुखी कृषि कार्य गरिरहेका साना कृषकहरुलाई प्रतिफलस्वरूप अनुदान प्रदान मार्फत कृषकको मनोबललाई उच्च पार्दै कृषि पेशातर्फ आकर्षण गरी व्यवसायमुखी बनाउने,

(ख) स्थानीयस्तरमा कृषि उपजको उत्पादन एवम् उत्पादकत्त्व अभिवृद्धि गराई आत्मनिर्भरता हासिल गर्ने,

(ग) "उत्पादन हातमा, अनुदान साथमा" भन्ने मुख्य ध्ययेकासाथ उत्पादन क्षमताका आधारमा सम्पूर्ण कृषकलाई समानरुपमा अनुदाको अवसर प्रदान गर्ने,

(घ) कृषकलाई बजार/उपभोक्तको माग र रूचि अनुसारको गुणस्तरीय वस्तु उत्पादन गर्न प्रेरित गर्दै लगानी सुरक्षा तथा बजार पहुँचको सुनिश्चितता दिलाउने,

(ङ) स्थानीय सम्भाव्यताको आधारमा कृषि एवम् पशुपालन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई कृषिलाई नै अर्थोपार्जनको भरपर्दो स्रोतको रुपमा स्थापित गर्न सो पेशा/व्यवसायलाई सम्मानजनक, नाफामुखी तथा दीगोरुपमा रोजगारीमूलक बनाउने।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **अनुदान उपलब्ध गराउन सकिने कृषिजन्य वस्तुहरुः-** बेसीशहर नगरपालिकाको स्वीकृत बजेट परिधिभित्र रही कृषि तथा पशुजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह, मसलाजन्य बाली, रैथाने बाली, फलफूल बिरूवा, दुध र मासुमा अनुदान उपलब्ध गराइनेछ।

५. **अनुदान उपलब्ध गराउने विधि तथा अनुदान रकम सीमाः-** (१) सहजकर्ता तथा कृषकहरुले देहाय बमोजिमको विधि अवलम्बन गरी उत्पादनमा आधारित अनुदान रकम प्राप्त गर्नेछन्:-

(क) कृषकहरुले अनुदान प्राप्त गर्नको लागि तोकिएको कृषि सहकारी, कृषक समूह/उत्पादन समूह/आमा तथा महिला समूह, कृषि फर्म, सङ्कलन केन्द्र मार्फत बिक्री वितरण तथा कारोबार गरेको हुनुपर्नेछ।

(ख) उत्पादनमा आधारित अनुदान प्रक्रियामा समावेश हुन प्रत्येक नयाँ आर्थिक वर्षमा कार्यालयबाट अनुसूची-१ बमोजिमको सूचना प्रकाशन भएपश्चात सम्बन्धित शाखामा सहजकर्ता र कृषकहरु सूचीकृत हुन आउनुपर्ने छ।

(ग) कृषि तथा पशुजन्य वस्तु बिक्री वितरणमा संलग्न हुन चाहने कृषि सहकारी, समूह, कृषि फर्म हरुले आफ्नो दर्ता प्रमाणपत्र, कर चुक्ता, अडिट रिपोर्ट र वडा कार्यालयको सिफारिस सहित यस नगरपालिकाको सम्बन्धित शाखामा सूचीकृत हुन अनुसूची-२ बमोजमिको निवेदन पेश गर्नुपर्नेछ।

(घ) कृषि सहकारी/कृषि फर्म/सङ्कलन केन्द्र/समूह द्वारा कृषि उपजहरुको दैनिक खरिद तथा बिक्री रेकर्ड अनुसूची-३ बमोजिमको ढाँचामा प्रत्येक किसानहरुको अभिलेख तोकिएको व्यक्तिको रोहवरमा राख्नुपर्नेछ।

(ङ) सहजकर्ताले अभिलेख प्रमाणित गरी मासिक रुपमा सम्बन्धित शाखामा अनिवार्य पेश गर्नुपर्नेछ।

(च) पेश भएको प्रमाणित अभिलेख विवरण सम्बन्धित शाखाले स्थलगत अनुगमन गरी अनुदान प्राप्तिको लागि समितिमा सिफारिस गर्नेछ।

(छ) सोही सिफारिसको आधारमा समितिको निर्णय बमोजिम दफा-५ उपदफा-२ (क) मा व्यवस्था भए अनुसारको अनुदान रकम सम्बन्धित कृषकले प्राप्त गर्नेछन्।

(ज) समिति तथा शाखाले सहजकर्ताको समयसमयमा अनुगमन निरीक्षण गर्नेछ र सो क्रममा अभिलेख विवरण झुट्टा पाइएमा सम्बन्धित सहजकर्तालाई बिक्री वितरणमा रोक लगाइ दर्ता खारेजीको निम्ति सिफारिस गरिनेछ।

(झ) कृषिजन्य वस्तुको बिक्रीमा सहजीकरण गर्ने सहजकर्तालाई अभिलेख व्यवस्थापन खर्च बापत कार्यविधिको दफा-५, उपदफा-२(ख) मा व्यवस्था भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(ञ) यो कार्यविधि स्वीकृत भएपश्चात सहजकर्ता मार्फत बिक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकलाई मात्रै दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराइनेछ ।

(ट) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुराको व्यवस्था गरिएता पनि अनुदान प्राप्त गर्न सकिने बाली/वस्तुहरुको हकमा व्यावसायिक रुपमा न्यूनतम १.५ रोपनी जग्गामा खेती गरेका कृषक/कृषि फर्म/समूह हरुको बाली लगाएको क्षेत्रफलमा नमूना बाली कटानी विधि मार्फत र पशुजन्य वस्तुको  हकमा उत्पादकत्व मापन गरी प्राप्त नतिजामा आधारित रही सम्बन्धित शाखाको सिफारिस र समितिको निर्णयको आधारमा कृषकले अनुदान रकम प्राप्त गर्न सक्नेछन् ।

(ठ) बाली कटानी विधिमार्फत अनुदान प्रक्रियामा सहभागी हुन ईच्छुक कृषक/कृषि फर्म/समूह हरुले सूचना प्रकाशन भएपश्चात आवश्यक कागजात र राजश्व शूल्क रु. २० को रसिद सहित अनुसूची-४ बमोजिमको निवेदन अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

(२) अनुदान प्रक्रियामा समावेश भएका सहजकर्तालाई न्यूनतम व्यवस्थापन खर्च तथा कृषकलाई न्यूनतम बिक्री परिमाण र उत्पादकत्व मापन विधिको आधारमा देहाय बमोजिमको अनुदान रकम उपलब्ध गराइनेछः-

**(क) कृषकलाईः-** यस कार्यविधि बमोजिम अनुदान प्रक्रियामा संलग्न कृषकहरुलाई छनौट भएको सहजकर्ता मार्फत् न्यूनतम बिक्री परिमाणको आधारमा वा बाली कटानी र पशुजन्यको हकमा उत्पादकत्व मापन विधिमार्फत देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ ।

| क्र.सं. | बाली/वस्तुको नाम | न्यूनतम उत्पादन /बिक्री परिमाण(के.जि.) भएमा | अनुदान रकम रु.(प्रति के.जि.) | यदि न्यूनतम उत्पादन /बिक्री परिमाण(के.जि.) भएमा | अनुदान रकम रु.(प्रति के.जि.) |
|---|---|---|---|---|---|
| १. | मह(स्थानीय) | २० | २० | १०० | ३० |
| २. | गोलभेडा | १०० | ३ | २०० | ५ |
| ३. | आलु | ५०० | २ | १००० | ४ |
| ४. | अकबरे खुर्सानी | ५० | ५ | १०० | ८ |
| ५. | लसून | २० | ५ | ५० | ८ |
| ६. | प्याज | ५० | ४ | १०० | ६ |
| ७. | अलैंचि | ५० | ५० | १०० | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | फूलगोभी | ५० | ४ | १०० | ६ |
| ९. | ब्रोकाउली | ५० | ४ | १०० | ६ |
| १०. | रैथाने बाली | ८० | ३ | १५० | ६ |
| ११. | लहरेबाली (करेला) | १०० | ३ | २५० | ५ |
| १२. | रायो साग | ५० | ३ | १०० | ४ |
| १३. | केरा | ५० दर्जन | ४ | १०० दर्जन | ६ |
| १४. | धनियाँ | ३० | ४ | ७५ | ५ |
| १५. | दुध | १००० लि. | २ | ३००० लि. | २.५ |
| १६. | मासु | २५० के.जी. | १२ | ५०० के.जी. | १२ |

**ख) सहजकर्तालाईः-** बिक्री वितरणको लागि छनौट भएका सहकारी/समूह लाई अभिलेखिकरण तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गर्न अनुसूची-५ बमोजिमको सम्झौता गरी देहायबमोजिमको रकम उपलब्ध गराइनेछः

(अ) कृषि तथा पशुजन्य वस्तु वितरणका लागि छनौट भएका कृषि सहकारी/समूह लाई अधिकतम वार्षिक २५०००।- उपलब्ध गराइनेछ।

(आ) छनौट भएका सहजकर्तालाई कारोबार रकमको १० प्रतिशत रकम व्यवस्थापन खर्च दिइनेछ।

(इ) बेसीशहर नगरपालिका भन्दा बाहिरका कृषि सहकारी/कृषि समूह/कृषि फर्मलाई बिक्रीमा आधारित न्यूनतम व्यवस्थापन खर्च दिइनेछैन।

६. **कृषि तथा पशुजन्य उत्पादनको खरिद तथा बिक्री मूल्य निर्धारणः** कृषि तथा पशुजन्य उत्पादनको खरिद तथा बिक्री मूल्य निर्धारण देहाय बमोजिम हुनेछ।

(क) कृषि सहकारी/कृषि फर्फ/संकलन केन्द्र/समूह हरुले आफ्ना सबै सदस्यहरुको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछन्।

(ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरि वार्षिक चौमासिक मासिक साप्ताहिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन्।

(ग) मूल्य निर्धारण गर्दा यथासक्य/यथासम्भव खरिद र बिक्री मूल्य बीचको अन्तर २०% भन्दा बढी नहुने गरी तोक्नुपर्नेछ । यस अर्थमा बालीवस्तुको प्रकृति अनुसार उत्पादनोपरान्त हुने/हुन सक्ने नोक्सानीको स्तरलाई समेत मध्यनजर गर्दै मूल्य निर्धारण गर्नमा कुनै बाधा पर्ने छैन्।

(घ) निर्धारित खरिद एवम् बिक्री मूल्य सूची सबैले देख्ने गरी टाँस्नुपर्नेछ।

(ङ) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय, नगरपालिकाको कृषि विकास शाखा र पशुपन्छी तथा मत्स्य विकास शाखा एवम् अनुदान व्यवस्थापन तथा अनुगमन समितिलाई कृषि सहकारी/कृषि फर्फ/संकलन केन्द्र/समूह हरुले सहजीकरणको निम्ति आमन्त्रण गर्नसक्नेछन्।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

७. **अनुदान व्यवस्थापन तथा अनुगमन समितिः-** कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदानको सम्बन्धमा समूचित व्यवस्थापन एवम् प्रभावकारी कार्यान्वियन सँगै आवश्यक काम कारबाहीमा राय, सुझाव तथा परामर्श उपलब्ध गराउनका निम्ति एक अनुदान व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख - सदस्य/ सदस्य सचिव

(छ) कृषि विकास शाखा प्रमुख - सदस्य/ सदस्य सचिव

(३) कृषि सम्बन्धी अनुदान कार्यक्रमको लागि कृषि विकास शाखाको शाखा प्रमुख सदस्य सचिव र पशु सम्बन्धी अनुदान कार्यक्रमको हकमा पशुपन्छी तथा मत्स्य विकास शाखाको शाखा प्रमुख सदस्य सचिव रहनेछन्।

(४) सम्बन्धित वडाका वडा अध्यक्षहरुलाई आमन्त्रित सदस्यमा राख्न सकिनेछ।

८. **समितिको बैठक र निर्णयः** समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता बमोजिम बस्नेछ।

(क) समितिको कूल सदस्य सङ्ख्याको ५०% भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(ख) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले अध्यक्षता गर्नेछ।

(ग) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(घ) समितिको निर्णय अध्यक्ष र सदस्य सचिव बाट प्रमाणित हुनेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः-** यस केयविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने तथा अनुदान प्राप्तिको निर्णय गर्ने ,

(ख) अनुदानको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न तथा अनुदानको दुरूपयोग रोक्न गतिविधिको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान वितरणमा सम्बन्धित शाखा/उपशाखा तथा बिक्री वितरणमा संलग्न कृषि सहकारी/कृषि फर्फ/संकलन केन्द्र/समूह हरुलाई जवाफदेही र उत्तरदायी बनाउन समयसमयमा आवश्यक निर्देशन दिने,

(घ) समय सान्दर्भिक अनुदानको दर तथा परिमाण संशोधन गर्ने,

(ङ) खरिद एवम् बिक्री मूल्य निर्धारणमा आवश्यक राय, सुझाव तथा परामर्श प्रदान गर्ने,

(च) कार्यविधिको संशोधनको निम्ति नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(छ) शाखा/उपशाखालाई आवश्यकता बमोजिम अधिकार प्रत्यायोजन गर्ने,

(ज) अनुदान कार्यक्रममा कृषकहरुको सहभागिता बढाउन स्थानीय समूदाय, वडा कार्यालय, कृषि सहकारी/समूह/कृषि फर्म लगायत सम्बन्धित सरोकारवाला सबैसँग नियमित सम्पर्क, समन्वय र सहकार्य गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-५
## <u>विविध</u>

१०. **अनुदान रकम निकासाः** बिक्रीमा आधारित अनुदान उपलब्ध गराउँदा नगरपालिका अन्तरगतका शाखाबाट सम्पूर्ण प्रमाणित विवरणहरु उपलब्ध गराउने र अनुदान व्यवस्थापन तथा अनुगमन समितिको निर्णय बमोजिम बार्षिक तथा अर्धवार्षिक रुपमा अनुदान उपलब्ध गराउन सक्नेछ।

११. **बाधा अड्काउ फुकाउनेः-** यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको निर्णय गरी फुकाउन सक्नेछ।

१२. **परिमार्जन तथा संशोधनः-** यस कार्यविधिलाई अनुदान व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा आवश्यकतानुसार नगर कार्यापालिकाले परिमार्जन एवम् संशोधन गर्न सक्नेछ।

**अनुसूची-१**

**(दफा ५ उपदफा १ (ख) सँग समबन्धित)**

**उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा सूचीकृत हुने सम्बन्धमा सूचना ।**

***सूचना प्रकाशित मितिः..................***

प्रस्तुत विषयमा बेसीशहर नगरपालिका कृषि विकास शाखा र पशुपन्छी तथा मत्स्य विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम तर्फ उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अन्तरगत कषकहरुलाई उनिहरुले उत्पादन गरेका विविध कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा आधारित रही आर्थिक सहायता स्वरूप प्रोत्साहन गरी कृषि पेशातर्फ आकर्षण गर्न अभिप्रेरित गर्दै कृषि तथा पशुपन्छी उत्पादनमा आत्मनिर्भरता हाँसिल गर्ने उद्देश्यले कृषि तथा पशुपन्छी जन्य वस्तुहरुको उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक कृषक/कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्र ले तपसिल अनुसारको कागजात सहित ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

- आवेदकको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपि
- बाली कटानी विधिको हकमा दफा-५, उपदफा-१(ठ) मा व्यवस्था भए अनुसार अनुसूची-४ बमोजिमको निवेदन, खेती गरेको जग्गाको क्षेत्रफल खुल्ने कागजात र राजश्व शुल्क रु.२०,
- कृषक/कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्र को हकमा अनुसूची-२ बमोजिमको निवेदन, दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,
- वडा कार्यालयको सिफारिस पत्र
- कृषक समूह र कृषि सहकारीको हकमा कार्यक्रममा सहभागीता सम्बन्धी बैठकको निर्णय,

## अनुसूची-२

**(दफा ५ उपदफा १ (ग) सँग समबन्धित)**

**उत्पादनमा आधारित अनुदान कार्यक्रममा उत्पादित वस्तु बिक्री वितरणमा संलग्न रहि सूचिकृत हुन ईच्छुक कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्रको आवेदन फाराम ढाँचा**

मितिः......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेसीशहर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ ।

**विषयः उत्पादनमा आधारित अनुदान सहयोग कार्यक्रममा सूचिकृत हुन पाऊँ ।**

महोदय,

प्रस्तुत विषयमा बेसीशहर नगरपालिका सम्बन्धित शाखाबाट मिति....................मा प्रकाशित सूचना अनुसार बेसीशहर नगरपालिका वडा नं. ....  मा सञ्चालित श्री............................. कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्र ले बे.न.पा. बासी कृषकहरुको कृषि तथा पशुपन्छी जन्य उत्पादनको सङ्कलन गरी खरिद तथा बिक्री वितरण कार्यमा संलग्न भइ उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन प्रक्रियामा समावेश हुन ईच्छुक रहेकोले तोकिए बमोजिमका आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको छु/छौँ।

निवेदकः
सञ्चालकको नाम थरः
कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्रको नामः
ठेगानाः
सम्पर्क नम्बरः
संस्थाको छापः

## अनुसूची-३

**(दफा ५ उपदफा १ (घ) सँग समबन्धित)**

**खरिद कारोबारको अभिलेख विवरण राख्ने फाराम ढाँचा**

कृषि सहकारी/समूह/कृषि फर्म/सङ्कलन केन्द्रको नामः-

ठेगानाः

छापः

| क्र.सं. | कृषकको नाम थर | ठेगाना(बे.न.पा.) | सम्पर्क नं. | कृषि तथा पशुजन्य वस्तु | | | सहजकर्ताले खरिद गरेको मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | उत्पादित बाली/वस्तुको नाम | बिक्री गरेको बाली वस्तुको परिमाण(के.जि/ली.) | जम्मा बिक्री मूल्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**रोहवरः-**

## अनुसूची-४

**(दफा ५ उपदफा १ (ठ) सँग समबन्धित)**

**बाली कटानी विधिमार्फत / पशुजन्य वस्तुको सूचीकृत हुने आवेदन फाराम ढाँचा**

मितिः२०  /  /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेसीशहर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ।

**विषयः बाली कटानि विधिद्वारा उत्पादनमा आधारित अनुदान कार्यक्रममा सूचीकृत हुन पाऊँ ।**

महोदय,

प्रस्तुत विषयमा बेसीशहर नगरपालिका कृषि विकास शाखाबाट मिति...........................मा प्रकाशित सूचना अनुसार बाली कटानी/पशुजन्य वस्तुको उत्पाकदत्व मापन विधिमार्फत प्रोत्साहन स्वरूप वितरण गरिने उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागिता जनाउनको निम्ति तोकिए बमोजिमको आवश्यक कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु।

निवेदकः
दस्तखतः
कृषकको नाम थरः
समूह/फार्मको नामः
ठेगानाः बे.न.पा. वडा नं.
गाऊँ/टोल को नामः
सम्पर्क नम्बरः
लगाएको बालीको नामः
खेती गरेको जमिनको जम्मा क्षेत्रफलः
समूह/फार्म को छापः

## अनुसूची-५

### (दफा ५ उपदफा २ (ख) सँग समबन्धित)

### उत्पादन विक्रि सहजकर्तालाई अभिलेखिकरण र व्यवस्थापन खर्च व्यवस्था गर्ने सम्झौताको ढाँचा

बेसीशहर नगरपालिका भित्रको निर्वाहमुखी कृषकहरुलाई व्यवसायिक र व्यावसायिक कृषकहलाई थप प्रोत्साहन गर्नका लागि तपशिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने बेसीशहर नगरपालिका र दोश्रो पक्ष भनिने ................................सहकारी संस्था/कृषक समूह/संकलन केन्द्र/कृषि फार्म तपशिल बमोजिमको सम्झौता शर्तहरुमा राजि भई यस सम्झौता पत्रमा हस्ताक्षर गरी लियौँ दियौँ।

सम्झौताका शर्तहरुः

(१)दोश्रो पक्षले कृषकहरुको कृषि उपजको बिक्रिको कारोबार नगरपालिकाबाट प्राप्त ढाँचामा अभिलेखिकरण गर्नुपर्नेछ।

(२)दोश्रो पक्षले दफा-६ बमोजिम मूल्य निर्धारण गरी दफा-५ उपदफा-२(क) अनुसारको बालीवस्तुको कारोबारको अभिलेखिकरण राख्नुपर्नेछ र यस बाहेकको अभिलेख सो ढाँचामा राखिने छैन।

(३)प्रथम पक्षले वार्षिक प्रमाणित कारोबार रकमको १० प्रतिशत (अधिकतम रु.२५००० नबढ्ने गरी) व्यवस्थापन खर्च दोक्षो पक्षलाई बैंक खाता मार्फत् भुक्तानि गर्नेछ।

(४)व्यवस्थापन खर्च रकम भुक्तानिको निम्ति सहजकर्ताले कृषि उपज विक्रि कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहित नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५)कृषि उपज खरिद तथा बिक्रि परिमाणको अभिलेखिकरण गर्दा बेसीशहर नगरपालिका भित्रको कृषकहरुको मात्र गर्नुपर्नेछ ।सहजकर्ताद्वारा राखिएको खरिद बिक्रि र मूल्यको अभिलेखिकरण गलत वा झुठा ठहरिएमा उक्त सहजकर्तालाई नगरपालिकाद्वारा कालो सूचिमा राखिनुका साथै आवश्यक कारबाही गरिनेछ।

(६)अन्य सेवा शर्तहरु प्रचलित कानुन नियम बमोजिम हुनेछ।

| दोश्रो पक्षको तर्फबाट | रोहवर | प्रथमपक्षको तर्फबाट |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः | पदः शाखा प्रमुख | पदः प्रमुख प्रशासकीय अधिकृत |
| ठेगानाः | कार्यालयःकृषि विकास शाखा | कार्यालयःबेसीशहर नगरपालिका, लमजुङ |
| | मितिः | |

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

मुद्रक: बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.१०।–